## वर्षे ढल व्यवस्थापन

आयोजना क्षेत्रमा भएका ढलहरुको सरसफाई तथा मर्मत संभार गर्न आवश्यक व्यवस्थापन प्रणालीहरु विकास गर्ने तथा आवश्यकता अनुसार वर्षे ढल विस्तार एवं सुधार गर्ने कार्यहरु अगाडी बढाइनेछ ।



## फोहरमैला व्यवस्थापन

घरेलु फोहरमैलालाई व्यवस्थापन गर्न आवश्यक व्यवस्थापन प्रणाली स्थापना गर्न मद्दत गर्ने र स्रोतमै फोहर व्यवस्थापन गर्न मल बनाउने र पुनः प्रयोग गर्ने प्रविधिको प्रवर्द्धन र समुदायलाई त्यस सम्बन्धी तालिम तथा आवश्यक सहयोग प्रदान गरिनेछ । आवश्यकता अनुसार समुदाय स्तरमा फोहरमैला व्यवस्थापन क्षमता अभिबृद्धि गरिनेछ। साथै खड्गी बस्तीको वातावरण सुधार गर्न पशु वधशाला निर्माण गरी सामुदायिक व्यवस्थापन प्रणाली अन्तर्गत संचालन गर्ने कार्यक्रम रहेको छ ।



## वातावरण तथा सरसफाई शिक्षा

स्थानीय बासिन्दा तथा बालबालिकाहरुलाई वातावरण तथा सरसफाई सम्बन्धी व्यवहारिक ज्ञान प्रदान गर्न र उनीहरुलाई आयोजना कार्यान्वयनमा समेत सकृय सहभागी गराउन समुदाय तथा विद्यालय स्तरीय क्लबहरु गठन गर्न प्रोत्साहित एवं सहयोग गरिने छ। यी क्लबहरु मार्फत क्षमता अभिवृद्धि तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## दवाव, प्रभाव र पैरवीका कार्यक्रमहरु

खानेपानी तथा सरसफाईमा उपभोक्ताहरुको पहुंचको अधिकार सम्बन्धी आवाज उठाउन विविध तालिम तथा कार्यक्रम मार्फत स्थानीय जनसमुदायलाई सशक्तीकरण गरिनेछ । महिला तथा विपन्न वर्गका समुदाय यसको प्रमुख लक्षित समुह हुनेछ। सचेत जनसमुदायको दवाव, प्रभाव र पैरवी जस्ता विधि मार्फत खानेपानी, वातावरणीय सरसफाई तथा सेवा सुविधा सम्बन्धी उन्नत नीति र अभ्यासका लागि सेवा प्रदायकहरुलाई अधिक जवाफदेही बनाउन सहयोग गरिनेछ।

## कार्यक्रमको कार्य अवधि

वातावरण तथा सरसफाई कार्यक्रम निरन्तर संचालन भइरहने कार्यक्रम हो। यस आयोजनाको १८ महिनाको अवधिमा कामहरुलाई दिगो बनाउन आवश्यक कार्यहरु गर्नुका साथै स्थानीय संस्थालाई बलियो बनाउन सहयोग पुऱ्याइने छ।


**एकीकृत शहरी विकास केन्द्र**

स्थलगत कार्यालय
गोभ्राटेश्वर परिसर
लुभू , ललितपुर
फोन नं. ०१-६९१०६६६

मुख्य कार्यालय
गुसिंगाल, सानेपा, ललितपुर
पो.ब. नं ५१३४, काठमाडौं, नेपाल
फोन नः ५५२८२२६

ई.मेल : ciud@mail.com.np
www.ciud.org.np


# लुभू वातावरणीय सरसफाई कार्यक्रम



## लुभू वातावरणीय सरसफाई कार्यक्रम

देशमा विद्यमान द्रुततर शहरीकरणसंगै शहरहरुमा पानी र सरसफाई जस्ता पूर्वाधारहरुको विस्तार तथा व्यवस्थापन एक चुनौतीको रुपमा अगाडी आएको छ। यस क्षेत्रमा, खासगरी शहरोन्मुख र विपन्न बस्तीहरुमा हुने गरेको न्यून लगानीको कारण वातावरणमा ह्रास आउनुको साथै यी बस्तीहरु विकासको गतिमा पछाडी पर्ने गरेको छ। त्यसैले एकीकृत शहरी विकास केन्द्रले स्थानीय समुदायसंग मिलेर पानी तथा सरसफाईका कार्यहरु अगाडी बढाइरहेको छ। यस कार्यमा मूलतः वाटर एड नेपाल र एसियाली शहरहरुका लागि पानी कार्यक्रम मार्फत संयुक्त राष्ट्रसंघीय वसोवास कार्यक्रम (यु.एन. ह्याविट्याट)ले सहयोग जुटाएको छ।

## कार्यक्रम क्षेत्र



चक्रपथबाट करीव ७ कि.मि. पूर्वी भेगमा अवस्थित ललितपुर जिल्लाको लुभू गा.वि.स. ७.४५ वर्ग कि.मि. क्षेत्रफल सहितको एउटा परम्परागत एवं शहरोन्मुख नेवार वस्ती हो। लुभू गा.वि.सको वडा नं ३ र ८ का केही भाग बाहेकको क्षेत्र यस कार्यक्रमको कार्यक्षेत्र हो। यस क्षेत्रको हालको जनसंख्या ५१४३ र घरधुरी १११५ रहेको छ भने बस्तीको जनघनत्व ७९ जना प्रति हेक्टर रहेको छ। अरनिको राजमार्गको निर्माण पश्चात पारवहन विन्दुको हैसियत गुमाएको लुभूले त्यसबाट उत्पन्न आर्थिक समस्याको सामना गर्नु परिरहेको छ। कृषि सहायक पेशा बनिसकेको लुभूको अर्थतन्त्र कपडा बुन्ने र नोकरी जस्ता पेशामा आधारित छ। ७३.६ प्रतिशत विपन्न जनसंख्या रहेको यस बस्तीमा पानी र सर सफाई एक प्रमुख चुनौतीको रुपमा देखा परेको छ।

## कार्यक्रमका उद्देश्यहरु

- सरसफाई तथा सुरक्षित खानेपानी आपूर्तीमा स्थानीय वासिन्दाको पहुँच र नियन्त्रण अभिवृद्धि गर्ने।
- शहरी खानेपानी आपुर्ती तथा सरसफाई सम्बन्धी सेवा एवं सुविधाका आर्थिक, सामाजिक, प्राविधिक तथा संस्थागत पक्षहरु बारे उपयुक्त विकल्प प्रवर्द्धन गर्ने।
- पानीको दिगो प्रयोग र स्वास्थ्य तथा सरसफाईका उपयुक्त तरीकाहरु बारे जनचेतना अभिवृद्धि गर्ने।
- खानेपानी तथा सरसफाईमा पहुँचको अधिकार सम्बन्धमा प्रभाव, पैरवी र व्यवस्थापन क्षमता अभिवृद्धि गरी स्थानीय जनसमुदायलाई सशक्तीकरण गर्ने।

## कार्यान्वयन

यस आयोजना संचालन गर्न २०६३ पौष ८ गते बसेको आयोजना क्षेत्रका स्थानीय बासिन्दाहरुको बृहत भेलाले "लुभू पूर्वाधार तथा वातावरण सुधार समिति" गठन गरेको छ। यस समितिले एकीकृत शहरी विकास केन्द्र, लुभू गा.वि.स. र अन्य सरोकारवालाहरुसंगको सहकार्यमा कार्यक्रम कार्यान्वयन गर्नेछ भने नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभाग, खानेपानी तथा ढल निकास विभाग, राष्ट्रसंघीय बसोवास कार्यक्रम (यु.एन.ह्याविट्याट) तथा वाटर एड नेपालले निरीक्षण र आवश्यक मार्गदर्शन गर्नेछन्। यस आयोजनाका लागि आवश्यक रकम वाटर एड नेपाल, यु.एन.ह्याविट्याट, सहयोगी संस्थाहरु र स्थानीय समुदायले व्यहोर्ने छन्।





यी कार्यक्रमहरु संचालन गर्दा शहरी गरीब, पिछडिएका जनजाती, उत्पिडित जाती तथा महिलालाई प्राथमिकता दिनुका साथै उनीहरुलाई विकासको मूलधारमा ल्याउन आवश्यक पहल गरिनेछ।

## प्रमुख कार्यहरु

### पानीका परम्परागत स्रोतहरुको प्रवर्द्धन

लुभू क्षेत्रमा पानी व्यवस्थापनको लागि नेपाल सरकार लगायत अन्य संस्थाहरुले पहल गरिरहेको सन्दर्भमा यस कार्यक्रम अन्तर्गत ईनार, कुवा जस्ता खानेपानीका परम्परागत स्रोतको मर्मत संभार र वरिपरिको वातावरणीय सरसफाई सुधार गरी आयोजना क्षेत्रभित्र खानेपानीको गुणस्तरमा सुधार गर्ने कार्यक्रमहरु छन्। आकाशे पानी संकलन प्रविधिलाई प्रवर्द्धन गर्ने तथा खानेपानीको गुणस्तर सुधार्न स्थानीय स्तरमा पानी व्यवस्थापन तथा शुद्धतामा सुधार ल्याउन तालिम तथा जनचेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याइने छ।





### चर्पी निर्माण तथा सुधार

लुभूमा बाहिर दिसा बस्न जाने अवस्थालाई निषेध गर्न आवश्यकता अनुसार चर्पी निर्माणमा जनचेतना जगाउनुको साथै प्राविधिक तथा आर्थिक सहयोग पुऱ्याउँदै लुभूका सम्पूर्ण घरहरुमा शौचालयको सुविधा पुऱ्याउन सहयोग गरिनेछ। यस कार्यमा मल चर्पी जस्ता वातावरण मैत्री प्रविधि प्रवर्धन गर्ने तथा हाल भईरहेका चर्पीहरु सुधार गर्न सहयोग गर्ने कार्यक्रम रहेको छ।